# जनकपुरधाम उपमहानगरपालिकाको नगर सभामा
## नगर प्रमुख श्री लाल किशोर साहद्वारा प्रस्तुत
## बार्षिक नीति तथा कार्यक्रम
### आर्थिक वर्ष २०७६/०७७



**जनकपुरधाम उप-महानगरपालिका**
**जनकपुरधाम, धनुषा**
**१० असार २०७६**

# आ.व.२०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम

## यस गरिमामय नगर सभाका आदरणीय सदस्यज्युहरु,

१) आजको यस जनकपुरधाम उप-महानगरपालिकाको चौथो नगर सभाको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएका छौ ।

२) नेपालमा पटक पटक भएका प्रजातान्त्रिक आन्दोलन तथा २०६३ साल देखी २०७२ सालसम्म भएका मधेश आन्दोलनको मर्मलाई हृदयंगम गरी तराई मधेशका आन्दोलन लाई उठान गरी विभेद रहित र सर्वस्वीकार्य संविधान बनाउने अभियानमा शहादत दिनु भएका वीर शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पन गदर्छु । लोकतन्त्र स्थापना हेतु विभिन्न काल खण्डमा प्राण अहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली व्यक्त गर्दछु । विरगति प्राप्त गर्ने शहीद परिवारजन एवं आन्दोलनहरुमा घाईते भई अंग भंग हुनु भएका योद्धाहरु प्रति उच्च सम्मान समेत व्यक्त गर्दछौ ।

३) मधेश आन्दोलन लगायतका अन्य आन्दोलनको सफलताले स्थापित गरेको संघीय राज्यप्रणालीको हामी प्रारम्भिक चरणको अभ्यासमै छौ । नेपालको संविधानले प्रत्याभूत गरेको स्थानीय तहको पुर्ण अधिकार हामीले प्राप्त नगरिसकेको अवस्था छ । केन्द्रीकृत राज्यप्रणालीको मानसिकता अझै विद्यावान रहेको कारणले संघीय सरकारले पुर्ण रुपमा प्रदेश सरकार र स्थानीय सरकारलाई राज्यको शक्ति, अधिकार, श्रोत, साधन एवं जनशक्ति समेत पठाउन अनाकानी गरीरहेको सर्वविदितै छ ।

४) राज्यको प्रत्येक अंग/निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व भन्ने मुख्य मुद्दालाई नेपालको राजनीतिक तथा कानूनी दस्तावेजहरुमा लिपिवद्ध गराउने काम मधेश आन्दोलनले गरेको विषयमा दुइमत छैन । तैपनी संविधानले प्रत्याभूत गरेको शोषित, पीडित, मधेशी, आदिवासी, जनजाती, मुस्लिम, सीमान्तकृत समुदाय तथा अल्पसंख्यक जनताको अधिकारहरु अझै मुर्त रुपमा प्राप्त हुन सकेको छैन ।

५) जनकपुरधाम उप-महानगरपालिका एउटा ऐतिहासिक पावन भूमि रहेकोमा यस नगरलाई देशकै समृद्ध तथा नमूना नगर बनाउने हाम्रो योजनाहरुमा हामी उप-महानगरपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरु इमन्दारीकासाथ प्रयास गरिरहेका छौ र यहाँहरु पनी यस महाअभियानमा सक्रिय सहयोग गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै पुनः सक्रिय सहयोगको अपेक्षा राखेकोछु ।

६) जनकपुरधाम ऐतिहाँसिक, धार्मिक, पुरातात्विक एवं सांस्कृतिक रुपमा धनी मात्र होइन राजर्षि जनक विश्वविद्यालय तथा नेपाल रेल्वे लगायतको पर्याप्त सामाजिक र भौतिक पूर्वाधारले सम्पन भएको जनकपुर वासीको माहानगर बनाउने चाहनालाई आत्मसात् गरी महानगरमा रुपान्तरण गर्ने हाम्रो प्रयास निरन्तर जारी छ तथा जारी रहने छ । यसमा संघीय सरकार र प्रदेश नं.२ का प्रदेश सरकारको पूर्ण रुपमा रचनात्मक सहयोग पाउने नै छु भनी मैले अपेक्षा गरेको छु ।

७) खानेपानी मन्त्रालयको सहलगानी आयोजना अन्तर्गत जनकपुरधामको पोखरी सम्वर्द्धन र सौन्दर्यीकरण, सुलभ सौचालय तथा रङ्गभूमि मैदानको सौन्दर्यीकरण तथा ज.उ.म.न.पा.वडा

नं.२५ को पोखरी सौन्दर्यकरण आयोजना कार्यनवयनमा खानेपानी मन्त्रालयसँग सहकार्य र समन्वयमा प्रस्तुत योजना कार्यन्वयनमा विशेष जोड दिइनेछ ।

८) राज्यका हरेक निकायसँग नेपालको संविधानले परिकल्पना गरेजस्तै तिन तहका सरकारहरु बिच सहकार्य, समन्वय र सहअस्तीत्वको आधारमा सहयोग आदन प्रदान गर्न र सम्वन्धहरु विकास गर्ने जनकपुरधाम उप-महानगरपालिका सदैव तत्पर रहेको कुरामा आस्वस्त पार्दै संघीय सरकार र प्रदेश सरकारलाई पनि हामीसँग सहकार्यकोलागी आव्हान गर्न चाहन्छु ।

९) नेपालको संविधान र सम्वद्ध कानूनले स्थानीय सरकारलाई न्यायिक, व्यवस्थापकीय र कार्यपालिकाको अभ्यासमा लैजानु सहज र सरल छैन । स्थानीय सरकारसँग आम जनता अपेक्षा बढेका छन र उत्साह पनि सिर्जना भएको छ । जसको प्रयोगकालागी जनकपुरधाम उप-महानगरपालिका पुर्णरुपले लागी परेको छ । उल्लेखित न्यायिक, व्यवस्थापकिय र कार्यपालिकाको अभ्यासलाई अझै ठोस रुपमा प्रयोग गर्न विशेष जोड दिइने छ ।

१०) संविधानले स्थानीय तहलाई दिएको अधिकार र नागरिकको उत्साह, माग तथा अपेक्षाहरुको पूर्णरुपले प्रत्याभुत गराउन मौजुदा भौतिक, मानवीय तथा आर्थिक स्रोतबाट सम्भव नभएको कुरा यहाँहरुलाई सर्वविदितै छ । नगरको योजनाबद्ध तरिकाले आन्तरिक स्रोत बृद्धी गर्न सकिने आधार, सम्भावनाहरुको खोजि गरी परिचालन गर्न, नागरिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन, न्यायिक अधिकारको सक्षमतापुर्ण अभ्यास गर्न, आफ्ना कानून आफै बनाउन तथा लागु गर्ने लगायतकालागि र नगरको समग्र त्रियाकलापहरुमा नयाँ सोच र योजनाका साथ सूचना प्रविधि सहितको अन्वेषणको लागि दक्ष जनशक्तिहरु भित्रयाउनु पर्ने आवश्यकता छ ।

११) यस नगरको गरिमामय ईतिहास माता सीताको जन्मभुमी हिन्दुहरुको पवित्र धार्मिक स्थल एवं पर्यटकहरुकालागी आकर्षक गन्तवय स्थल, जनकपुरधामले विभिन्न प्रजातान्त्रिक आन्दोलनमा खेलेको भूमिका, प्रदेश नं.२ को बिच भागमा स्थित प्रयाप्त भौतिक पुर्वाधार र सम्भावना भएको क्षेत्र जनकपुरधामलाई प्रदेश नं.२ को स्थायी राजधानी बनाउन अरु नगर सभा झै यस नगर सभामा सम्वद्ध सवै पक्षलाई आग्रह गर्न चाहन्छु ।

१२) यस नगरका आगामी आर्थिक वर्षका विषयगत, क्षेत्रगत गुरुयोजनाहरुको कार्यान्वयन, गरिवी न्यूनिकरण, सरसफाई तथा फोहरमैला व्यवस्थापन, हरियाली पर्वद्धन, वतावरण संरक्षण र पर्यटन पूर्वाधारको विकास तथा महिला तथा बालबालिकाको सशक्तिकरण जस्ता योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकतामा राख्ने नीति अनुसार कार्यक्रमहरु समावेश गरिएका छन ।

## ऐतिहांसिक सांस्कृतिक धरोहरको संरक्षण, बिकास, सम्वर्द्धन, पर्यटन प्रवर्धन र रोजगारी

१३) यस उप-महानगरपालिकालाई देशकै नमुना उप-महानगरपालिका र मुलुकको धार्मिक तथा सांस्कृतिक संमृद्धिको केन्द्र वनाउने दृढसंकल्प सहित जनकपुरधाम उप-महानगरपालिकाको नगर प्रमुखको हैसियतले यस नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०७६/०७७ को

नीति तथा कार्यक्रम प्रस्तुत गर्दा मैले गौरव संगसगै ठुलो जिम्मेवारी पनी महशुस गरेको छु ।

१४) उप-महानगरपालिका क्षेत्रका प्रचुर धार्मिक एवं पर्यटकिय सम्भावना बोकेका धरोहरुहरु जानकी मन्दिर, राम मन्दिर, जनक मन्दिर, मणिमण्डप, कुटी तथा पवित्र सरोवरहरु गंगा सागर, धनुष सागर जस्ता दर्जनौ पवित्र स्थलहरुको संरक्षण, संवर्द्धन र सौन्दर्यीकरण गरी पर्यटन क्षेत्रको प्रवर्धन गरिनेछ । साथै पर्यटक सूचना केन्द्रको स्थापना गरिनेछ ।

१५) नगर भित्रका सार्वजनिक सम्पतीहरुको संरक्षण गर्ने तथा उल्लेखित सम्पतीको व्यवस्थापनमा प्रभावकारी कार्यक्रम सन्चालन गरिनेछ । कृषि उत्पादनयुक्त भु-भागहरु, उत्पादनको लागि वजारहरु र सोसंगको निकटतासाथै उद्योग तथा कलकारखानको विकास गरी रोजगारी प्रवर्द्धन गरिनेछ ।

१६) व्यवसायिक कृषी विकासकोलागी जनकपुरधाम उप-महानगरपालिकाको वडा नं.२० मा पुष्प खेती सन्चालन गरी रोजगारी प्रवर्धन गरी कृषकको आयशक्ति विकास गरिने छ ।

१७) परिक्रमा सडक भित्र मास-मदिरा व्यवस्थापन सम्वन्धी विशेष कार्यक्रम सन्चालन गर्न जोड दिइनेछ । बधशाला निमार्ण गर्ने सम्वन्धी विशेष कार्यक्रम सन्चालन गरिनेछ ।

१८) महिला सशक्तिकरण, कृषी अधुनिकीकरण, सिप विकास, जस्ता कार्यक्रम ल्याइ रोजगार प्रवर्द्धन कार्यक्रममा जोड दिई गरिवी न्यूनीकरण गरिनेछ ।

१९) जनकपुरधाम उप-महानगरपालिकाको धार्मिक धरोहर जानकी मन्दिर, राम मन्दिर आदि पुरातात्विक महत्व बोकका सांस्कृतिक धरोहरहरुको संरक्षण, संवर्धन र विकासका लागि विश्व सम्पदा सूचिमा समावेश गर्न गरिरहको पहललाई निरन्तरता दिईनेछ ।

२०) मिथिला कला र संस्कृतिक संरक्षण र सम्वर्द्धनमा जोड दिईनेछ । मधेश मिथिला आरिटिरिज सेन्टर जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ मा निमार्ण गर्ने कार्य अघि बढाईनेछ र मिथिला कलालाई पाठयक्रममा समावेश गर्ने पाईला चलिनेछ ।

२१) जनकपुरधाम उप-महानगरपालिकामा स्थित नदीहरुको प्रयटकिय तथा वातावरणीय दृष्ट्रीकोणले सौन्दर्यकरण गरिने छ ।

२२) जनकपुरधाम उप-महानगरपालिकाको ग्रामिण वार्डहरु कृषीमा आधारित रहेकोमा सिचाई सुविधा उपलब्ध गराउन नगरले विशेष कार्यक्रमहरु सन्चालन गरिनेछ ।

२३) जनकपुरधाम उप-महानगरपालिका भित्रका शिक्षा, स्वस्थय, पर्यटन र बजारको त्रुटी कम गर्न अनुगमनको काम तिव्रताकासाथ अगाडी बढाईनेछ ।

२४) नेपाल भ्रमण वर्ष २०२० लाई दुष्टिगत गर्दै जनकपुरधाम उप-महानगरपालिकाले विशेष जनकपुरधाम भ्रमण वर्ष २०२० को रुपमा भव्यता पूर्वक कार्यक्रम गर्ने नीति तथा कर्यक्रमलाई प्राथमिकता दिइनेछ र तदनुसार जनकपुर महोत्सवको आयोजन समेत गरिनेछ ।

२५) जानकी नवमीलाई राष्ट्रिय महोत्सवको रुपमा मनाइनेछ ।

२६) आर्गेनिक खेतीलाई प्रोत्साहीत गर्ने विशेष नीति तथा कार्यक्रम कार्यन्वयन गरिनेछ ।

## स्थानीय तहमा सुशासनको प्रवर्धन

२७) संविधान तथा सम्वद्ध कानूनले सुनिश्चित गरेका स्थानीय तहको अधिकारहरुको अभ्यास गर्न तथा नगर सरकारबाट प्रवाह हुने सेवाहरु सुलभ र गुणस्तरीय बनाउन र लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्यको अनुभूति दिलाउन जनसहभागिता, उत्तरदायित्व र पारदर्शीता सुनिश्चित गर्दै लगिनेछ ।

२८) न्यायिक समितिका लागी कानूनी सहायता सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ । महिला तथा बालबालिकामैत्री भवन न्यायीक समितिको उपयोगका लागी निमार्ण गर्न जोड दिइनेछ । मेलमिलप द्वारा विवाद निरुपणका लागी आवश्यक भौतिक पूर्वाधारहरु निमार्ण गरिनेछ ।

२९) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखी नै सुदृढ गर्न तथा पारदर्शी र जनमुखी नेतृत्वको विकास गर्दै स्थानीय शासन प्रद्धतिलाई ब्यवस्थित गर्न स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्दै लगिनेछ । न्यायिक समितिमा सेवा ग्राहीहरुका लागी स्वच्छ खानेपानीको व्यवस्था गर्ने तथा समयमै न्याय दिन आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

३०) आम नागरिकहरुको प्रत्यक्ष सम्बन्ध रहेको पहिलो संस्थानै स्थानीय तह हो । सूचना प्राविधिमा आधारित शासन संचालनको माध्यमबाट स्थानीय सरकारबाट प्रवाह गरिने सेवामा सरलता, विकास निमार्णका कार्यलाई गुणस्तरीयता एवं परिणाममुखी वनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी समावेशी र सहभागीतामुलक बनाउने कुरालाई आगामी आर्थिक वर्षको बजेटले उच्च प्राथमिकता दिएको छ ।

## सामाजिक तथा अन्तरसम्वन्धित क्षेत्रको विकास

३१) आगामी आर्थिक वार्ष २०७६/०७७ मा सामाजिक तथा अन्तरसम्वन्धित क्षेत्रको विकास तर्फ स्थानीय जनसहभागीता र सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको स-शक्तिकरण, दलित तथा अल्पसंख्यक समुदायको सामाजिक सुरक्षा, गरिबी न्यूनीकरणको लागि विशेष कार्यक्रमहरु, आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तारका लागी कार्यक्रमहरु समावेश गरिनेछ ।

३२) नगरभित्र खेलकुदको प्रवर्धनका लागी मेयर कप क्रिकेट तथा बैडमिन्टन लगायत प्रतियोगीता सञ्चालन गरिनेछ ।

३३) "सवैलाई गुणस्तरीय सेवा" अन्तर्गत जनकपुरधाम उप-महानगरपालिकाको निर्माणाधिन कार्यालयभवन यसै वर्ष निमार्ण सम्पन्न गरिनेछ । यस नगरका सम्पूर्ण वडाको वडा कार्यालय भवनहरु यसै आर्थिक वर्षभित्र निमार्ण गरी गुणस्तरीय सेवा सेवाग्राहिलाई प्रदान गरिनेछ ।

३४) नगरक्षेत्र भित्र पार्किङ व्यवस्थित गर्न नगरले पार्किङस्थल निमार्ण गरिनेछ तथा नगर क्षेत्र भित्र नक्सा पास गराउदा घरको तल्लो तल्ला (वेशमेन्ट) मा घर धनीले निजी पार्किङस्थल

निमार्ण गरेमा घर नक्सा पास दस्तुर उल्लेखित वेशमेन्टमा लाग्ने करको ५०% छुट दिइनेछ ।

३५) जनकपुरधाम उप-महानगरपालिका भित्र निर्माण भईसकेको सडक पेटीलाई व्यवस्थित गर्न र सडक पेटी प्रयोग गर्न पैदल यात्रुहरुलाई जेब्रा क्रसीङ गर्ने सम्वन्धी सचेतनामुलक कार्यक्रमहरु सन्चाल गरिनेछ ।

३६) सामाजिक समावेशीकरण तथा लैङ्गकि समानताका दृष्टिकोणले वालमैत्री स्थानीय शासन, महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला र अनाथ वालवालिकाको हेरचाहमा जोड दिइएको छ । बाल संरक्षण विकास सम्वन्धी विशेष कार्यक्रम सन्चालन गरिनेछ । शिशु/बाल मृत्युदर कम गर्ने नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ । प्रजनन् स्वास्थ लागी घुम्ती शिवीर तथा प्रत्येक वडामा प्रजनन् स्वास्थय सम्वन्धी विशेष कार्यक्रमहरु हुदै आएकोमा यस वर्ष पनी निरन्तरता दिइनेछ ।

३७) “सवैकालागी गुणस्तरीय शिक्षा” कार्यक्रम अन्तर्गत नगर क्षेत्रका सामुदायिक तथा निजी विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम राख्न निरन्तर नियमन गरिनेछ । महिला, दलित, अपाङ्ग, अल्पसंखयक तथा पिछडीएको समुदायको शिक्षामा पहुँचकोलागी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । उपमहानगरलाई पूर्ण साक्षर नगरमा रुपान्तरित गर्ने कार्यलाई तिव्र रुपले लागी पर्नेछ । विद्यालय भर्ना अभियान तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरु धनिभूत रुपमा सञ्चालन गरिने छ ।

३८) सामुदायिक विद्यालयहरुमा छात्राहरुले भोग्नुपरेको असुविधालाई ध्यानमा राखी महिला शौचालय निमार्ण तथा प्याड बैंक स्थापनालाई अभियानको रुपमा निरन्तर सञ्चालन गरिनेछ ।

३९) शहीदहरुप्रति सम्माननार्थ शहीद पार्क निमार्ण गरिने छ ।

४०) सार्वजनिक क्षेत्र तथा कार्यालयहरु एवं व्यवसायिक प्रतिष्ठानहरुमा केसरिया रंङ्ग प्रयोग गर्ने वातावरण श्रृजणा गरिनेछ ।

४१) नगरपालिका परिशरलाई व्यवस्थित एवं सौन्दर्यीकरण गर्नुको कामलाई प्राथमिकता दिइनेछ ।

४२) नगरका प्रत्येक चौकहरुमा सडक पेटीलाई स्टील पाईप फेन्सिङ्ग (Fencing) गरिनेछ ।

४३) नगरपालिकाको उपकरणहरुको समूचित प्रयोगको उदेश्यले व्यवस्थित र सुविधा सम्पन्न ग्यारेज निमार्ण गरिनेछ ।

४४) नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउने कामलाई प्राथमिकता दिइनेछ ।

४५) जनकपुरधाम उप-महानगरपालिकाको वस्तुगत विवरण सहीतको नगर प्रोफाइल बनाउने कार्य यस आर्थिक वर्ष भित्र सम्पादन गरिनेछ ।

४६) प्रारम्भीक वाल विकास केन्द्र अवधारणालाई आत्मसात गर्दै नमुनाको रुपमा केही समुदायिक विद्यालयहरुमा यसै आर्थिक वर्ष देखि प्रारम्भीक वाल विकास केन्द्र सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

४७) बालिका संरक्षण अभियान ज.उ.म.न.पा.को वडा नं.१ बाट सञ्चालन गरिनेछ ।

## फोहरमैला संकलन व्यवस्थापन तथा वातावरण संरक्षण

४८) नगर क्षेत्रभित्र वर्षाको पानीको समुचित उपयोगका लागी वातावरणीय दृष्ट्रीकोणलाई मध्य नजर गरी समुचीत कार्यक्रमहरु लागु गरिनेछ । नगर क्षेत्रबाट उत्सर्जन हुने फोहरमैलाहरुको उचित व्यवस्थापन गर्न अन्तराष्ट्रिय स्तरको स्यानिटरी लैण्ड फिल्ड साइट निर्माण गरिनेछ ।

४९) नगरलाई हरित सहर बनाउने अन्तर्गत सडक पेटीमा वृक्षा रोपनको कार्यक्रम सञ्चालन गरिनेछ । नगर क्षेत्र भित्रको बाटोको लगत अनुमान गर्दा वृक्षारोपण समेतलाई मध्य नजर गरी अव उपरान्त यस नगरपालिकाले लगत अनुमान गर्नेछ । नगरको सार्वजनीक स्थलहरुमा वृक्षारोपनको कार्यक्रमहरु सञ्चालन गरिनेछ । नगरको ग्रामिण वडाहरुमा वृक्षारोपनका लागी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । “उपमहानगर स्वच्छता अभियान” अन्तर्गत प्लाष्टिक जन्य वस्तुहरुको प्रयोगलाई निषेध गरी माटोका भाडा, कागज र कपडाको झोला तयारीमा अनुदान दिइनेछ ।

५०) नगरभित्रका मुल सडक तथा सहायक सडकहरु समेतमा फोहर संकलन व्यवस्थित गर्न साना सरसफाई सवारी साधनहरु समेतको प्रयोग गरिनेछ ।

## नगरका सौन्दर्यिकरणका लागी पूर्वाधार विकास

५१) व्यवस्थित एवं दिगो शहरी पूर्वाधार, व्यवस्थित शहरी नाला निमार्ण, पोखरी सोन्दर्यीकरणका कार्यक्रमहरुलाई निरन्तर सञ्चालन गरिनेछ ।

५२) नगर भित्रका ऐतिहासिक धार्मिक मठमन्दिर व्यवस्थापन तथा धार्मिक सरोवरहरुको सौन्दर्यीकरण तथा संरक्षणमा विशेष ध्यान दिइनेछ ।

५३) नगर सुरक्षालाई ध्यान दिदै सडक बत्ती, सि.सि. क्यामरा, ट्राफिक संकेत तथा ट्राफिक बिट व्यवस्थापन गर्ने नीति लिईनेछ र सो सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५४) नगर भित्र मोवाईल ट्वाईलेट, सरसफाई सम्वन्धी विशेष उपकरणहरुको व्यवस्थाको लागी विशेष ग्राह्यतासाथ कार्यक्रमहरु सञ्चालन गरिनेछ । सरसफाई सम्वन्धी बजार अनुगमनका लागी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५५) पर्यटकिय सम्भावनालाई मध्येनजर गर्दै पर्यटन वेब साईट, पर्यटकिय गाइड बुक तयार गरिनेछ । पर्यटकिय बाटोहरुलाई विशेष प्रकारले फोहरमैला सफा गर्ने कर्मचारीहरुको व्यवस्था गरिनेछ ।

५६) वर्तमान जनकपुरधाम उप-महानगरपालिकाको जनघनत्व एवं क्षेत्रफल अत्यन्तै विस्तार भईसकेको वर्तमान परिपेक्ष्यमा नगरको व्यवस्थित तथा संतुलित विकासलाई दृष्टिगत गर्दै वाहय चक्रपथ निर्माणको संभाव्यता अध्ययन भईरहेकोले विस्तृत अध्यन प्रतिवेदन तयार गरी निमार्ण कार्यलाई प्राथमिकता दिईने छ । नगरको सवारी व्यवस्थापनको लागी ई-रिक्सा व्यवस्था सम्वन्धी विशेष कार्यक्रम लागू गरिनेछ ।

५७) जनकपुरधाम उप-महानगरपालिका प्रवेश गर्ने उत्तर तिर भव्य शहिद प्रवेश द्वार विस्तृत अध्यन प्रतिवेदन तयार भई सकेको हुँदा निमार्ण यसै वर्ष सम्पन्न गरिनेछ ।

५८) जनकपुरधाम क्षेत्रको मुल सड्कहरुसँग जोडने गरी वडाहरुवाट सहायक सडकहरु (Linked Road) बनाउने नीति लिइनेछ ।

५९) जनकपुरधाम उप-महानगरपालिका वडा नं.५ लाई स्मार्ट वार्डको रुपमा विकास गर्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६०) नगर क्षेत्र भित्र जनचाप निरन्तर बढदै गईरहेकोले भानुचौक, सीता चौक, पिराडी चौक, जिरो माइल जस्ता व्यस्त ठाँउहरुमा आकाशे पुल (Over Head Bridge) बनाउने सम्भाव्यता अध्ययन गरिनेछ ।

६१) मुल सहर भित्रको प्रत्येक प्रवेश मार्गमा प्रदेश द्धार निमार्ण गर्ने सम्भाव्यता अध्ययन गरिनेछ ।

६२) उद्योग व्यवसाय क्षेत्रको प्रवद्धनको उद्धेश्यले नयाँ व्यवसायिक प्रतिष्ठान हरुको स्थापनालाई प्रोत्साहित गर्ने उप-महानगरपालिका विशेष सुविधा प्रदान गरिनेछ ।

## अन्य कार्यक्रमहरु

६३) लामखुट्टे नियन्त्रणकोलागी विशेष कार्यक्रम संचालन गरिने छ ।

६४) जनकपुरधाम उप-महानगरपालिकाका अधिकांश नागरिकहरु कृषिमा आधारित रहेको तथ्य आत्मसात् गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा विकासलाई प्राथमिकता प्रदान गरिनेछ । प्रत्येक कृषकलाई नगरको सहयोगमा वृक्षारोपन सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

६५) नगर क्षेत्रमा शिक्षा एवं स्वास्थय जस्ता सामाजिक पुर्वाधारको विकास तथा स्तरीयता प्रदान गर्न विभिन्न कार्यक्रम संचालित गरिनेछ ।

६६) मिल्स ऐरिया स्थित शुभ चौकमा भव्य स्व.शुभ नारायण स्मारक निमार्ण कार्यमा सहयोग जारी रहनेछ ।

६७) उप-महानगरपालिका क्षेत्रभित्रका पहिले बनेका घरहरुको नक्सापास हुने र ठुला आधुनिक भवनहरु जस्तै ठुला मल, सपिंग कम्पलेक्स तथा तारे होटलहरु वनाउन सकिने गरी विद्यमान भवन नक्सापास मापदण्डलाई परिष्कृत गरिनेछ ।

६८) एकिकृत शहरी विकास रणनीति अन्तर्गत Land Use Planning गरी आवास क्षेत्र, कृषि क्षत्रे, औद्योगिक क्षेत्र एवं आधुनिक कमर्सियल भवनहरुको क्षेत्र वर्गीकरण गरिने छ । नगरक्षेत्र भित्र सुकुम्वासी समस्या सामाधान गर्ने आवश्यक पहल गरिने छ ।

६९) आवाश क्षेत्रको लागी सुरक्षित बस्ती सुनिश्चितताको लागि उप-महानगरपालिकाले ठाँउ ठाँउमा नमुना माटो परिक्षण गरि वस्ति योग्य भूमि सुनिश्चित गरिनेछ ।

७०) नागरिकलाई अत्यावश्यक सेवा २४ सै घण्टा उपलब्ध गराउने गरि टोल फ्रि नंवर र हटलाईन टेलिफोन सहितको सेवा कक्ष स्थापना गर्न केहि रकम विनियोजन गरेको छु ।

७१) अहोरात्री सेवा प्रदान गर्ने किसिमको सुविधा सम्पन्न नगर सुरक्षा प्रहरी संस्थागत रुपमा व्यवस्थित गरिनेछ ।

७२) सेवा ग्राहीको सेवा प्रवाहलाई प्रभावकारी बनाउन वायरलेस (Wire Less) सेवाको विशेष प्रवन्ध गरिनेछ ।

७३) लागुपदार्थको दुरव्यसनी बढदै गईरहेकोले लागु पदार्थको प्रयोगलाई कम गर्न सार्वजनिक स्थलहरुमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## स्रोत व्यवस्थापन

७४) आन्तरिक राजस्वको दायरा र आधारलाई फराकिलो बनाउदै जाने नीति लिईनेछ । राजस्वको स्रोत बढाउन सघन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७५) राजस्व असुलीमा आग्रता कायम गर्ने वार्ड वा वार्डहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ । घरबहाल करको असुली सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७६) ठूला प्रकृतिका आयोजनाहरुमा लागत साझेदारीको अवधारणालाई अवलम्वन गरी निजी क्षेत्र एवं संघीय सरकारको स्रोतको उपयोग गर्नेगरी आयोजनाहरुको सम्भाव्यता अध्ययन गराई प्रोजेक्ट बैंक स्थापना गरिनेछ जसमा निजी क्षेत्रको लगानी र संघीय सरकारको सम्पूरक अनुदान आकर्षित गरिनेछ ।

७७) वैदेशिक सहायताका ठुला आयोजनाहरु यस नगर क्षेत्रमा सञ्चालन गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ ।

**आदरणिय सभासदज्यूहरु,**

७८) तर्जुमा गरिएका कार्यक्रमहरुको दक्ष एवं कुशल कार्यान्वयनले मात्रै आम नागरिकमा प्रभावकारी प्रतिफल दिन सक्छ । त्यसैले उपमहानगरले तर्जुमा गरेका कार्यक्रमहरुको सफल कार्यन्वयनमा यहाँहरु सबैको सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा जनकपुरधाम उप-महानगरपालिकाको विकासमा प्रभावकारी भुमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय, अन्तरष्ट्रिय संघ-संस्थाहरु, विभिन्न सहयोगी मित्र राष्ट्रहरु, गैर सरकारी संस्था तथा सहकारी संघ-संस्थाहरु, टोल विकास संस्थाहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै सभाबाट अनुरोध समेत गर्न चाहन्छु ।

७९) जनकपुरधाम उप-महानगरपालिकाको मुख्य सडकहरु विस्तार कार्यमा नगरवासी दाजुभाई तथा दिदीवहिनीहरुद्वारा गरिएको उदारतापूर्ण योगदान एवं देखाइएको प्रतिवद्धताप्रति उप-महानगरपालिका हार्दिक सम्मान प्रकट गर्दै उच्च मुल्याङ्कन गर्दछ ।

८०) सडकहरु विस्तारमा नागरिकहरुका परेका जग्गा तथा क्षति भएका भौतिक संरचनाको अविलम्व प्राविधिक खटाई लगत तयार गर्न लगाइनेछ र उक्त क्षतिको क्षतिपुर्तिका लागी नेपाल सरकारसँग सिफरिससहित अनुरोध गरिनेछ । साथै उप-महानगरपालिकाको तर्फबाट नागरिकहरुको उक्त योगदान कदर गर्दै सम्मान समारोह आयोजना गरि कदरपत्र प्रदान गरिनेछ ।

८१) प्रस्तुत नीति तथा कार्यक्रमको पुर्ण विवरण, आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्य र आय तथा व्ययको विस्तारित विवरणसहितको दस्तावेजहरु यथाशिघ्र यहाँहरु

समक्ष उपलब्ध गराउने बाचा गर्दछु । साथै उल्लेखित सबै दस्तावेजहरु यस उप-महानगरपालिकाको वेब साईटमा अपलोड गरिने व्यहोरा समेत निवेदन गर्दछु । उक्त सबै दस्तावेजहरु सरकारका सबै निकायहरु विकासको क्षेत्रमा  क्रियाशील सवै संस्थाहरु तथा सबै विकासका साझेदारहरुकालागी उपयोगी रहेनछ भन्ने विश्वास हामीले लिएका छौं । यस नीति तथा कार्यक्रम सभाको बन्द सत्रमा पेश भई छलफल पश्चात पारित हुने विश्वास लिएको छु ।

## अन्तमा,

८२) जनकपुरधाम उपमहानगर नेपालको सम्बृद्ध महानगर बन्ने सम्भावना भएको नगर हो । जुनसुकै राजनीतिक आस्थाले प्रेरित भए पनि जनकपुरधामको विकास र समृद्धिको हकमा यो नगरसभामा कोही पक्ष र प्रतिपक्ष छैन । आज यो नगर सभामा साझा संकल्प गरौं, जनकपुरधामलाई हामी देशकै नमुना र अरुकालागी उदाहरणीय मिथिल सांस्कृती शहर बनाई छाडने छौ । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहायोग पुऱ्याउनु हुने सम्पूर्ण कार्यपालिका सदस्य ज्युहरु, नगर सभासदस्यज्युहरु, बुद्धिजीवीहरु, राजनीतिज्ञ ज्युहरु, पत्रकार वन्धुहरु, उद्योगी व्यवसायीहरु, किसान, मजदूर तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीवहिनीहरु एवं नगर सेवक कर्मचारीहरुलाई हार्दिक  धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद, जयमधेश ।**